## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ मितिः २०८०/०७/२३ अतिरिक्ताङ्क

**भाग-२**

# जैमिनी नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७९

**जैमिनी नगरपालिका**

## जैमिनी नगरपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावना

यस नगरपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुलाई आफ्नो काममा थप हौसला प्रदान गर्न प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता दिन वान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि जैमिनी नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम " जैमिनी नगरपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा :

(क) "नगरपालिका" भन्नाले जैमिनी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले जैमिनी नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले जैमिनी नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "कार्यविधि " भन्नाले जैमिनी नगरपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(ङ) "प्राविधिक कर्मचारी " भन्नाले जैमिनी नगरपालिका, पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत स्थायी तथा करार सेवा अन्तगर्त कार्यरत इन्जिनियर, सव इन्जिनियर र असिष्टेण्ट सव इन्जिनियर सम्झनु पर्दछ ।

३. फिल्ड भत्ता प्राप्त गर्ने आधार :

(१) यस कार्यविधि बमोजिमको भत्ता प्राप्त गर्न सम्बन्धित कर्मचारीले मासिक रुपमा कार्यालयमा हाजिर भई काम गरेको हुनु पर्नेछ । आवश्यक पर्दा कार्यालयले जुनसुकै बखत लगाएको काम निजले गरेको हुनु पर्नेछ ।

(२) भत्ता प्रदान गर्ने प्रयोजनका लागि प्राविधिक कर्मचारीहरुले मासिक रुपमा नगरपालिका भित्र काम गरेको विवरण सम्बन्धित कर्मचारीले अनुसूची १ बमोजिमको विवरण तयार गरि शाखा प्रमुखको सिफारिसमा प्रशासन मार्फत पेश गर्नु पर्दछ ।

(३) उपदफा (१) बमोजिम काम गरेको कर्मचारीहरु र उपदफा (२) बमोजिम पेश गरेको विवरण स्वीकृत भए पश्चात कर्मचारीले आफ्नो पद/तह/स्तर अनुसार देहा बमोजिम एकमुष्ट मासिक फिल्ड भत्ता प्राप्त गर्नेछन्

।

| सि.नं. | पद/तह/स्तर | प्राप्त हुने मासिक फिल्ड भत्ता (रु.) | कैफियत |
|---|---|---|---|
| १ | इन्जिनियर, | २११७० | |
| २ | सब इन्जिनियर | १७६४० | |
| ३ | असिष्टेण्ट सब इन्जिनियर | १७६४० | |

४. भुक्तानी विधि :

दफा ३ बमोजिमका प्राविधिक कर्मचारीको तलबमा थप प्राविधिक फिल्ड भत्ता समावेश गरि मासिक रुपमा कार्यालयले उपलब्ध गराउनेछ ।तर कार्यविधि स्विकृत हुनुभन्दा अगाडि कार्यपालिकामा  निर्णय भएको हकमा यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

५. कार्यविधीको व्याख्या : यो कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

६. थपघट तथा हेरफेर : आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्य नजर गरी कार्यपालिकाले प्रचलित कानूनसंग नबाझिने गरि यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

अनुसुची १

................ साल ..................... महिनामा फिल्डमा गरेको कामको मासिक प्रगति विवरण

कर्मचारीको नाम -

पद -

| सि.नं | मिति | आयोजनाको नाम | फिल्डमा गरेको कामको विवरण | अपेक्षित उपलब्धीहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| .... | | | | | |

कर्मचारीको दस्तखत　　　　सिफारिस गर्ने　　　　प्रमाणित गर्ने